म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २४५ बुधबार ३० चैत २०७८ द्वादशी ने. सं. ११४२ चिल्लाथ्व 13 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पराजुलीद्वारा विद्यालयलाई प्रिन्टर र कम्प्युटर

हेटौंडा, २९ चैत/ नेपाली कांग्रेस मकवानपुरका नेता आनन्दराम पराजुलीले उत्तरी क्षेत्रको एक विद्यालयलाई प्रिन्टर र कम्प्युटर सहयोग गरेका छन् ।

सामाजिक परोपकारका क्षेत्रमासमेत सक्रिय पराजुलीले थाहा नगरपालिका वडा नम्बर ८ ऐँसेलुखर्कमा रहेको पञ्चकन्या आधारभूत विद्यालयलाई एक थान प्रिन्टर र एक थान कम्प्युटर प्रदान गरेका हुन् । पराजुलीले हेटौंडामा विद्यालयका प्रधानाध्यापक सीताराम घलानलाई कम्प्युटर हस्तान्तरण गरेका थिए । विद्यालयमा कम्प्युटर शिक्षासँगै विद्यालयको अभिलेख राख्नसमेत मद्दत पुग्ने गरी सहयोग गरेको पराजुलीले बताए ।

उनले विद्यालयलाई आगामी दिनमा आवश्यक पर्ने सामग्री सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रिन्टर र कम्प्युटर हस्तान्तरण कार्यक्रममा कांग्रेस प्रदेश सभा १ (ख)का क्षेत्रीय सभापति खड्ग गोपाली, कांग्रेस थाहा नगर समिति सभापति प्रमोद जोशी र थाहा नगरपालिका वडा नम्बर ८ इकाई सभापति रामकुमार घलानको उपस्थिति थियो ।

# हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट छुट्याउने अध्यादेश जारी

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हेटौंडा अस्पताललाई अलग्याउन अध्यादेश जारी गरेको छ ।

विवादका बाबजुद प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन संशोधन गर्न अध्यादेश जारी गरेको हो । अध्यादेश जारी भएसँगै प्रतिष्ठानबाट हेटौंडा अस्पताल छुट्याउने सरकारको तयारी छ । स्वायत्त निकायमा सरकारी अस्पताल गाभ्न नहुने भन्दै वर्तमान गठबन्धन नेतृत्वको प्रदेश सरकारले प्रतिष्ठानबाट अस्पताललाई अलग्याउनु पर्ने बताउँदै आएको छ ।

तर, प्रदेश सरकारले प्रतिष्ठानको ऐन संशोधन गर्न अध्यादेश जारी गर्न लागेको भन्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले बिरोध गरेको थियो । एमाले नेतृत्वको अघिल्लो सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्दै मकवानपुर जिल्लाको एकमात्रै सरकारी अस्पताल हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभेको थियो ।

तर, वर्तमान सरकार प्रतिष्ठानबाट अस्पताललाई अलग्याउन अध्यादेश जारी गर्ने निर्णय गरेको भन्दै एमालेले सरकारको चर्को बिरोध गर्दै आएको थियो । हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग्याउँदा अस्पतालको सेवा सुविधा खस्किने र अस्पताल रिफर सेन्टरको रुपमा स्थापित हुने भन्दै एमालेले सरकारको बिरोधमा हेटौंडामा प्रदर्शनसमेत




गरेको थियो । एमालेबाट साढे ३ वर्ष प्रदेश सरकारको नेतृत्व गर्दा प्रतिष्ठान स्थापना गर्दै सरकारी अस्पताललाई स्वायत्त निकायमा गाभेका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सरकारले अध्यादेश ल्याउने निर्णय खारेज नगरे आन्दोलन नै गर्ने चेतावनीसमेत दिएका थिए ।

पौडेलले वर्तमान सरकारले मकवानपुरको जनतालाई गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित गराउन खोजेको आरोप पनि लगाएका थिए । उनले प्रदेश सरकारले प्रतिष्ठानअन्तर्गत् हेटौंडामा हुने चिकित्सा शिक्षा अध्ययनलाई चितवन सार्न खोजेको भन्दै आपत्ति जनाएका थिए ।

तर, प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको बिरोधको बाबजुद सरकारले प्रतिष्ठानसम्बन्धी ऐन संशोधन गर्दै अध्यादेश जारी गरेको छ । गठबन्धन नेतृत्वको वर्तमान सरकारले जिल्लाको एकमात्रै सरकारी अस्पताललाई स्वायत्त निकायमा गाभ्दा अस्पतालको स्वामित्व मासिएको भन्दै ऐन नै संशोधन गरेर अस्पताललाई प्रतिष्ठानबाट अलग्याउने प्रयास गरेको छ ।

प्रतिष्ठानलाई प्रदेश सरकारको गौरबको आयोजनामा राखेर प्रतिष्ठानकै नाममा जग्गा खरिद गरी आफ्नै स्थायी भवन बनाउने योजना रहेको सरकारले बताएको छ । प्रदेश सरकारले प्रतिष्ठानले आफ्नो छुट्टै अस्पताल सञ्चालन गर्नसक्ने हुँदा सरकारी अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने, प्रतिष्ठान र अस्पतालको एकै स्थानबाट सञ्चालन हुँदा काममा ढिलाई भएको, अनियमितता भएको र सेवा सुविधा प्रभावकारी नभएकोले प्रतिष्ठान र अस्पताललाई छुट्याउन खोजेको प्रदेश सरकारको स्वास्थ्यमन्त्री निमा लामाको भनाइ छ । सरकारले प्रतिष्ठानअन्तर्गत् हुने चिकित्सा शिक्षाको अध्यापनलाई हेटौंडाबाट चितवन सार्न नखोजेको समेत बताएका छन् । उनले तत्काल हेटौंडामा चिकित्सा शिक्षाको सबै विषय र तह अध्यापन गराउन आवश्यक भौतिक संरचना नभएकोले स्नातक तहसम्म हेटौंडामा अध्यापन गराई स्नातकोत्तर चितवनमा गराउने तयारी गरेको स्पष्ट पारे ।

मन्त्री लामाले प्रतिष्ठान र अस्पताल एकै ठाउँबाट सञ्चालन हुँदा अनियमितता बढेकाले पनि ऐन संशोधन गरेर प्रतिष्ठानबाट अस्पताललाई अलग्याउन खोजिएको बताए । स्वास्थ्य मन्त्रालय नबन्दा प्रतिष्ठान सामाजिक विकास मन्त्री सह-कूलपति रहेको भन्दै हाल स्वास्थ्य मन्त्रालय बनिसकेको खण्डमा स्वास्थ्यमन्त्री सह-कूलपति रहने व्यवस्था गर्न पनि ऐनलाई संशोधन गर्न लागिएको जनाइएको छ ।

यस्तैगरी, प्रदेश प्रमुख शर्माले स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, विभूषण सिफारिस तथा सम्मान र पदकसम्बन्धी (पहिलो संशोधन) अध्यादेश प्रमाणित गरेका छन् ।

योसँगै अब प्रदेश सरकारले आफैंले कर्मचारी राख्ने बाटो पनि खुल्ला भएको छ । जारी अध्यादेशलाई प्रदेशसभाको आगामी बैठक सुरु भएको ६० दिन भित्र प्रतिस्थापन विधेयक पेश गरी प्रदेशसभा बैठकबाट पारित गर्नुपर्नेछ ।

# बोर्डका उपाध्यक्षलाई पदमै रहेर काम गर्न आदेश


साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत्को प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्षलाई पदमै रहेर काम गर्न अदालतले अल्पकालीन आदेश दिएको छ ।

उच्च अदालत पाटन, हेटौंडा इजलाशले मंगलबार बोर्डका उपाध्यक्ष टीकाबल्लभ सापकोटालाई हटाउने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन आदेश गरेको हो । सापकोटाले मन्त्रालयले दुई पटक स्पष्टिकरण सोधेर पदबाट हटाएको थियो ।

गठबन्धन सरकारले तत्कालीन एमाले सरकारबाट नियुक्ति पाएकालाई हटाउँदै आफ्नालाई नियुक्त गर्ने प्रक्रिया कार्यान्वयन गरिरहेको छ । सोहीअनुसार मन्त्रालयले सापकोटालाई केही दिनअघि उपाध्यक्षबाट हटाएको थियो ।

सापकोटाले राजनीतिक प्रतिशोधका कारण सरकारले



आफूलाई हटाएको भन्दै सोमबार अदालतमा निवेदन दायर गरेका थिए । मंगलबार सापकोटाको पक्षमा अधिवक्ता बालकृष्ण अधिकारी र ध्रुवप्रसाद चौलागाईंले गरेको बहस सुनेपछि न्यायाधीश चण्डिराज ढकालको एकल इजलासले सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन आदेश दिएको हो ।

अधिवक्ता अधिकारीका अनुसार दुबै पक्षलाई अदालतले १२ वैशाखमा छलफलका लागि बोलाएको छ ।

अदालतले बोर्डमा अर्को उपाध्यक्ष नियुक्तिको प्रक्रिया पनि तत्कालका लागि रोक्न आदेश दिएको अधिकारीले जानकारी दिए । मन्त्रालयले सापकोटालाई पदमुक्त गरेपछि खुल्ला प्रतिस्पर्धाबाट अर्को उपाध्यक्ष नियुक्तिको तयारी पनि अघि बढाएको थियो । प्रदेश दुग्ध विकास बोर्डको स्थापना र व्यवस्थापन गर्न बनेको ऐनको दफा १० (२) बमोजिम मन्त्रालयबाट गठन भएको छनौट समितिले २७ असोज २०७७ मा सिफारिस गरेका तीन जनामध्येबाट सापकोटालाई नियुक्त गरेको थियो । सापकोटाको कार्यकाल चार वर्षको हुनेछ ।

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ







Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:

- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

कर्मचारी आवश्यकता

यस हिडम्बा अटो प्रा.लि.(महिन्द्रा एण्ड महिन्द्राकोडिलरको) लागि लेखापाल आवश्यकता भएको हुँदा निम्न लिखित, योग्यता भएको ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

१. अनलाईन बिलिङ्ग सम्बन्धि ज्ञान भएको
२. योग्यता : Batchlor Clear
३. कर, सम्बन्धि ज्ञान भएको
४. तलब सुविधा : आपसी समझदारीमा

कम्प्युटर सम्बन्धि दक्ष भएको हुनु पर्ने छ ।

सम्पर्कः हिडम्बा अटो प्रा.लि.
अफिस समयमा विहान ९ बजेदेखि ५ बजे साँझसम्म
हेटौंडा-१, चौकिटोल, ९८४५६०४३९३, ९८४५०२५९९७, ९८४५८२९०१५, ०५७-५२२००७

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरुः

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

अन्तर्राष्ट्रिय स्तरको TUV सर्टिफाईड
नेपालकै उत्कृष्ट फनपार्क
चितवनको लंकू, धर्मचोकमा




- Water Park
- Dinosaur Zone
- Dry Games
- Train Ride
- Children Play Ground

New Year Offer बैशाख १ देखि ३ गते खरिद गरिएको टिकटले वर्षको अन्त्यसम्म तीन पटकसम्म पुनः प्रयोग गर्न मिल्ने

James World Fun Park
Phone No. 057-522723, Adwait Chowk, Lanku, Chitwan

साझाकुरा

## हाम्रो कुरा

# मतदाता नामावलीबाट मृतकको नाम हटाउन वडामै तथ्याङ्क राख्न जरुरी

निर्वाचन नजिकिँदै जाँदा निर्वाचन आयोगले मतदाता नामावली संकलन अभियान सञ्चालन गर्ने गरेको छ । त्यसबेला आयोगले नयाँ मतदाताको नाम संकलन र पुरानो अद्यावधिक गर्ने गर्दछ । तर, पछिल्लो समय स्थानीय तहले समयमै मृतकहरुको तथ्याङ्क उपलब्ध नगराउँदा मृत्यु भइसकेका व्यक्तिहरुको नाम पनि मतदाता नामावलीमा समावेश भएको समाचार बाहिरिएको छ । बागमती प्रदेश निर्वाचन कार्यालयले स्थानीय तहले २०७४ सालपछि मृत्यु भएका व्यक्तिहरुको तथ्याङ्क समयमा उपलब्ध नगराउँदा मृत्यु भइसकेकाहरुको नाम पनि मतदाता नामावलीमा रहेको खुलाएको छ ।

निर्वाचन नजिकिँदै गर्दामात्रै जिल्ला निर्वाचन कार्यालयहरुले मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने गरेका कारण यो समस्या देखिएको पाइन्छ । नेपालमा १८ वर्ष पूरा भएपछि बालिग मतदाता हुने व्यवस्था छ । बालिग मतदाता हुने उमेर पुगेपछि व्यक्ति स्वयम् निर्वाचन कार्यालयमा गएर आफ्नो नाम मतदाता नामावलीमा समावेश गर्नुपर्नेमा त्यसो गरेको कमै पाइन्छ । जतिबेला चुनावको चर्चा सुरु हुन्छ, त्यतिबेला राजनीतिक दलहरु पनि आ-आफ्नो सम्भावित मतदातालाई निर्वाचन कार्यालय गएर मतदाता नामावलीमा नाम लेखाउन लगाइरहेका हुन्छन् । यसकारण बालिग भएका धेरै व्यक्तिहरुको मतदाता नामावलीमा नाम छुटिरहेको हुन्छ । आयोगले विशेष अभियान सञ्चालन गरेका बेला भने जिल्ला निर्वाचन कार्यालय पुगेर मतदाता नामावलीमा आफ्नो नाम लेखाउनेहरु प्रशस्तै भेटिन्छन् । तर, आफ्नो परिवारका मृतक सदस्यको नाम सूचीबाट हटाउन भने कसैले चासो राख्दैनन् ।

मृत्यु भएपछि नामावलीबाट नाम हटाउन एउटा फाराम भर्नुपर्छ । एउटै फाराम भरेर बुझाउँदा जिल्ला निर्वाचन कार्यालयले नाम हटाइदिन्छ, तर यसरी हटाउन आउनेको संख्या ज्यादै न्यून हुने गर्दछ । निर्वाचन कार्यालयबाट मात्रै यो सुविधा लिन सकिने भएकाले सर्वसाधारणका लागि समस्या पनि छ । मृत्यु भइसकेका मतदाताको नाम हटाउन कार्यालयले अभियान नै चलाउनुपर्छ, होइन भने यो काम वडाहरुमा मृत्यु दर्ता गर्दाकै बखत निर्वाचनको फाराम भर्ने व्यवस्था मिलाएर वडामै तथ्याङ्क राख्ने र निर्वाचन कार्यालय पठाएर अद्यावधिक गर्ने व्यवस्था मिलाउँदा उपयुक्त हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ बैशाख १ गते बिहीबार १४ अप्रिल २०२२ । चैत शुक्ल तुतीया । चौलाथ्व तृतीया ११४२ । सूर्योदय ५:४१ र सूर्यास्त ६:२७ मा हुनेछ । नयाँ वर्ष/मेष संक्रान्ति/बिस्का जात्रा/महावीर जयन्ती/प्रदोषव्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : पढाइमा प्रगति हुनेछ | तुला | : चुनौतीहरु बढ्नेछन् |
| वृष | : उत्साहमा कमी आउनेछ | वृश्चिक | : आम्दानी घट्नेछ |
| मिथुन | : आफन्तबाट धोका हुनेछ | धनु | : मितबाले हर्ष बढ्नेछ |
| कर्कट | : प्रतिष्ठित काम पाइनेछ | मकर | : कामको तारिफ हुनेछ |
| सिंह | : सामाजिक दायित्व बढ्नेछ | कुम्भ | : दाम कमाउने बेला छ |
| कन्या | : काममा सहयोग मिल्नेछ | मीन | : प्रयत्न निरर्थक हुनेछ |

# राजपाक्षे परिवारको स्वार्थले डुबेको श्रीलंका



नविन साह



श्रीलंका आफ्नो स्वतन्त्रता पछिको सबैभन्दा ठुलो आर्थिक संकटको सामना गरिरहेको छ । यो एउटा पाठ पनि हुन सक्छ, विश्वभरिका मुलुकका लागि कि कसरी एउटा परिवारको राजनीतिक महत्वाकांक्षाले देशलाई नै जोखिममा पार्न सक्छ । व्यक्तिगत लाभबाट प्रेरित राजनीतिक निर्णयले कसरी देशमा आर्थिक र मानवीय संकट निम्त्याउँछ, त्यो श्रीलंकाको अहिलेको परिदृश्य र विगत १० वर्षको नीतिगत त्रुटिले दर्शाउँछ । अहिले खाद्यान्न, दूध, ग्याँस, मट्टितेल, औषधि जस्ता अत्यावश्यक वस्तुको मूल्य अकाशिएको छ । १२-१३ घण्टा लोडसेडिङ हुने गरेको छ । पेट्रोल र डिजेलको लागि यस्तो लडाइँ हुन्छ कि पम्पहरूमा सेना नै तैनाथ गर्नु परेको छ । राष्ट्रपति गोताबाया राजापाक्षेलाई पद छोड्न माग गर्दै समस्यामा परेका जनता नारा लगाउँदै सडकमा उत्रिएका छन् ।

प्रदर्शनकारीले गत साता कोलम्बोमा राष्ट्रपतिको घरबाहिर धर्ना समेत दिए । त्यसको भोलिपल्ट रातिदेखि राष्ट्रपति राजापाक्षेले संकटकाल नै लागू गरिदिएका थिए । सरकारले प्रदर्शन रोक्न देशभर कर्फ्यु नै लगाएको थियो । तर पनि प्रदर्शन भएको थियो । त्यसपछि प्रधानमन्त्री महिन्दा राजापाक्षे र उनका भाइ तथा राष्ट्रपति गोताबाया राजापाक्षे बाहेक मन्त्रिपरिषद्का २६ मन्त्रीले सामुहिक राजीनामा दिए ।

आइतबारसम्म राजापाक्षे परिवारका पाँच सदस्य श्रीलंका सरकारमा मन्त्री थिए, जसमध्ये चार दाजुभाइ हुन् र पाँचौं यी भाइहरूमध्ये एकका छोरा हुन् । गोताबाया राजापाक्षे (राष्ट्रपति तथा रक्षामन्त्री), महिन्दा राजापाक्षे (प्रधानमन्त्री), चमल राजापाक्षे (सिँचाइ मन्त्री), बसिल राजापाक्षे (अर्थ मन्त्री), महिन्दा राजापाक्षेका छोरा नमल राजापाक्षे (खेलकुद मन्त्री) को जिम्मेवारीमा थिए । मन्त्रिपरिषदका दुई बाहेक सम्पूर्ण मन्त्रीको राजीनामा भए पनि आक्रोशित प्रदर्शनकारी अझै पनि 'गो गोताबाया गो' नारा लगाइरहेका छन् । राजापाक्षे परिवारको राजीनामा बिना मन्त्रीहरूको राजीनामाको कुनै अर्थ नरहेको भन्दै प्रदर्शनकारीले राजापाक्षे परिवारले श्रीलंकालाई यो संकटमा पुर्‍याएको आरोप लगाउँदै आएका छन् ।

गत शताब्दीको अन्त्य र यस शताब्दीको सुरुमा श्रीलंका संकटमा पर्‍यो । विगतको संकट अर्कै किसिमको थियो । त्यतिबेला श्रीलंकामा गृहयुद्ध चलिरहेको थियो । त्यहाँ एकातिर बहुसंख्यक सिंहाली जनसंख्या थियो भने अर्कोतिर तमिल अल्पसंख्यक । सन् १९८३ मा श्रीलंकाको पृथकतावादी संगठन एलटीटीई र श्रीलंका सरकारबीच गृहयुद्ध सुरु भयो । जुन २००९ मा समाप्त भयो । त्यसबेला महिन्दा राजापाक्षे श्रीलंकाका राष्ट्रपति थिए । सन् २०१० मा भएको निर्वाचनमा उनी थप ठुलो जितका साथ राष्ट्रपतिमा निर्वाचित भएका थिए । २६ वर्षसम्म चलेको द्वन्द्वले श्रीलंकाको अर्थतन्त्रलाई पनि कमजोर बनाएको थियो । तर, युद्धको अन्त्यपछि श्रीलंकाको अर्थतन्त्र पुन: ट्र्याकमा आउने आशा थियो । त्यसै अनुरूप २००९ र २०१२ बीच श्रीलंकाको कुल ग्राहस्थ उत्पादन जीडीपी पनि बढ्यो । श्रीलंकाले मुख्यतया चिया, रबर र लत्ताकपडा जस्ता उत्पादन निर्यात गर्छ, जसबाट विदेशी मुद्रा आर्जन गर्दै आएको छ । यसबाहेक विदेशमा रहेका आफ्ना नागरिकले पठाएको पैसा र पर्यटनबाट पनि श्रीलंकाले कमाइ गर्छ । यही पैसाबाट उसले आफूलाई आवश्यक पर्ने खाद्यान्न लगायतका सामान आयात गर्छ ।

तर, श्रीलंकाको अर्थतन्त्रमा सन् २०१२ देखि उतारचढाव भइरहेको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्न थालेपछि श्रीलंकाको निर्यात सुस्त हुन थाल्यो र आयात बढ्न थाल्यो । परिणामस्वरूप चाँडै देशको विदेशी मुद्रा सञ्चिति खाली हुन थाल्यो । भुक्तानी संकट उत्पन्न भयो । श्रीलंकाले पूर्वाधार विकासका लागि चीनजस्ता देशबाट ऋण लिएको थियो, त्यसको किस्ता तिर्न पनि भारी पर्‍यो ।

**विदेशी मुद्रा सञ्चिति घट्नु**

सन् २०१६ मा श्रीलंकाले फेरि एक पटक ऋणका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषमा जानु पर्‍यो । तत्कालीन राष्ट्रपति मैत्रीपाला सिरिसेना र महिन्दा राजापाक्षे प्रधानमन्त्री थिए । अवस्था सुधार हुन थाल्यो । तर, अप्रिल २०१९ मा सिरिसेना सरकारको अन्तिम वर्षमा, कोलम्बोमा गिर्जाघर र लक्जरी होटलहरूलाई लक्षित गरी श्रृंखलाबद्ध बम विष्फोटहरू भएका थिए । इस्टरमा जिहादीहरूले गरेको यो आत्मघाती हमलामा ३५० भन्दा बढी मानिस मारिएका थिए । यस घटनापछि अन्तर्राष्ट्रिय पर्यटकको संख्या फेरि एक पटक घट्न थाल्यो र सन् २०१९ मा श्रीलंकाको पर्यटन आयमा ठूलो असर परेको थियो । यससँगै नोभेम्बर २०१९ मा श्रीलंकामा नयाँ सरकार गठन भयो र गोटाबाया राजापाक्षे राष्ट्रपति बने । उनको पार्टी एसएलपीपीले चुनावमा कर कटौती गर्ने र किसानलाई राहत दिने दुई ठुला बाचा गरेको थियो । ती वाचा पूरा गर्न सरकारले पहलकदमी लियो र फलस्वरूप सरकारको खजाना थप खाली हुन थाल्यो । जानकारहरू भन्छन्, समस्याको वास्तविक जरा आर्थिक अव्यवस्थापन हो ।

राजापाक्षेको राजनीतिक महत्त्वाकांषाका कारण मुलुकलाई तत्काल आवश्यक नरहेका सबै ठुला महत्त्वाकांषी परियोजनाहरू सुरु गरियो । जस्तै चीनको ऋणबाट बन्ने हम्बनटोटा बन्दर गाह परियोजना । श्रीलंकाले आफ्नो क्षमता भन्दा बढी खर्च गर्न थाल्यो । स्रोतहरू सीमित थिए तर खर्च र ऋण बढ्यो ।

यी सबै चुनौतीका बीच सन् २०२० को सुरुमा कोरोना महामारीले निर्यात ठप्प भयो, पर्यटन उद्योग ठप्प भयो । विदेशमा बसेका नागरिकको आम्दानी रोकियो । अझ सरकारले महामारीसँग जुध्न खर्च पनि बढाउनु परेको थियो । जसले देशको अवस्थालाई झन् खराब बनायो । जानकारहरू भन्छन्, 'संकटका लागि कोरोना महामारीलाई मात्र दोष दिनु उचित हुँदैन, त्यो एउटा कारणमध्ये हो । यसले सबै देशलाई असर गरेको छ । माल्दिभ्स जस्ता देशहरू छन्, जो पर्यटनमा निर्भर छन् र निर्यातमा पनि । तर, त्यस्तो संकटको सामना गर्नु परेन । यो वित्तीय व्यवस्थापनको कुरा हो, जुन श्रीलंकाले गरेन ।'

**मल आयातमा प्रतिबन्ध**

श्रीलंकाले बाहिरबाट किन्नुपर्ने सबैभन्दा महत्वपूर्ण वस्तुहरूमध्ये एक मल हो । श्रीलंकाको आर्थिक मन्दीको बीचमा सरकारले रासायनिक मलको आयात बन्द गर्‍यो । विदेशी मुद्रा बचाउन सकिन्छ भन्ने लागेको थियो । र, अप्रिल २०२१ मा गोटाबाया राजपक्षेले कृषिमा प्रयोग हुने सबै रसायनको आयातमा प्रतिबन्धको घोषणा गरे । तर मल र कीटनाशकको आयातमा प्रतिबन्धले श्रीलंकाको कृषि उत्पादनमा गम्भीर असर पर्‍यो । यस वर्षको फेब्रुअरीमा अन्तर्राष्ट्रिय मुद्रा कोषले रासायनिक मलमाथिको प्रतिबन्धले कृषि उत्पादनमा सोचेभन्दा नराम्रो असर पारेको बताएको थियो । यो नीति गत वर्ष नोभेम्बरमा फिर्ता लिइएको थियो । तर त्यतिन्जेल यो निर्णयले श्रीलंकाको अर्थतन्त्रमा गहिरो क्षति निम्त्याइसकेको थियो ।

**अबको यात्रा**

श्रीलंका सरकारसँग अब धेरै विकल्प छैन । भारतले मद्दत गर्न सक्छ, तर यसको पनि सीमा छ । चीनले मद्दत गर्न सक्छ । तर आफ्नो विगतको ऋण बक्यौताको बारेमा चिन्तित छ । श्रीलंकालाई अन्तिम वार्तास्वरूप फेरि पनि आईएमएफमा जानुपर्ने हुन्छ । यथाशिघ्र श्रीलंकाले १७ औं पटक आईएमएफसँग ऋण लिनुपर्नेछ र स्पष्ट रूपमा नयाँ ऋण नयाँ शर्तहरूमा आउनेछ ।

यस्तो परिस्थितिको तथ्यपरक अध्ययन गर्दै जाँदा कसरी एक परिवारको राजनीतिक महत्त्वाकांषा र स्वार्थले देशको नै टाट पल्टिन सक्छ, श्रीलंका त्यसको प्रबल उदाहरण हो । नेपालमा पनि राजनीतिक स्वार्थपूर्तिका लागि अल्पकालीन योजना ल्याउने चलन विद्यमान छ । यसले देशलाई दीर्घकालीन आर्थिक संकटमा तान्न सक्ने विषयको अध्ययन नेपालका राजनीतिज्ञहरूले पनि गर्नु आवश्यक छ । *-साभार: रातोपाटी*

# बलात्कारविरुद्ध लड्ने नायक जब 'खलनायक' भएर देखापरे



रूपबहादुर विश्वकर्मा

नाबालिग (१८ वर्षभन्दा मुनि) लाई जबर्जस्ती करणी (बलात्कार) गरेको अभियोगमा अभिनेता पल शाह पक्राउ परेयता नेपाली समाजमा सम्भवत: पहिलोपटक बलात्कारबारे व्यापक बहस भइरहेको छ । त्यसो त देशमा यो नै पहिलो बलात्कार घटना भने होइन, यसअघि पनि कैयौं यो भन्दा क्रुर र जघन्य अपराध भएका छन्, भइरहेका छन् । तर पल शाह प्रकरणले एकैचोटि धेरै मानिसको ध्यान तान्नुको कारण उनी सेलिब्रिटी भएकाले हो । त्यसमा पनि चलचित्रमा गुन्डाहरूले महिलालाई गर्ने हिंसा र बलात्कारविरुद्ध लड्ने/भिड्ने एउटा नायक- जब वास्तविक जीवनमा 'खलनायक' भएर देखापरे, तब धेरै सर्वसाधारणलाई अचम्म पनि लाग्यो सायद । 'रिल'मा सकारात्मक भूमिका निर्वाह गरिरहेका पात्र जब 'रियल'मा एकाएक विपरीत (नकारात्मक) चरित्रमा देखिए/सुनिए, तब त्यस्तो लाग्नु स्वाभाविकै हो ।

तर उनी सेलिब्रिटी भएका कारण मात्रै बलात्कारको बहस यति व्यापक बनेको होइन । बरु 'बलात्कार'लाई नेपाली समाजले चलचित्रकै दृष्टिकोणबाट जसरी बुझिरहेको थियो, पल प्रकरणमा त्यस्तो पाएन । अर्थात् बलात्कार भन्नासाथ हाम्रो मन-मस्तिष्कमा फिल्ममा गुन्डाले हिरोइनलाई गरेजस्तो जबर्जस्तीका दृश्य आउँछन् । जसले गर्दा पल शाहले यौन सम्बन्ध गरेकै भए पनि (हो/होइन, अदालतमा विचाराधीन मुद्दाको यथार्थ आउला) दुवैको 'राजीखुसी'मा भएको कामकुरालाई कसरी बलात्कार भन्ने! धेरैलाई लागेको यही हुनुपर्छ ।

यस प्रकरणले यो पाटो पनि उजागर गरेको छ- फकाईफुल्याई गरिएका सबै यौन सम्पर्क बलात्कार होइन भन्ने ठानिरहेको छ- समाज । तर पल प्रकरणसँगै जब १८ वर्षभन्दा मुनिका बालिका (कानुनले बालिका भनेको छ) सँग 'सहमति'मै यौन सम्बन्ध राखे पनि कानुनका दृष्टिमा त्यो बलात्कार ठहर्ने कुरा थाहा भयो, तब सम्भवत: [illegible] वर्ष जेल तोकेको घटनाले बलात्कार बहसलाई अरू बढाएको छ । सम्भवत: यो फैसलाले 'मन मिलुन्जेल चमत्कार, छुटेपछि बलात्कार' सिद्धान्तवालाहरूलाई हौस्याएको हुनुपर्छ । तर अछाम फैसला 'अस्वाभाविक' भएको दाबीसहित उच्च अदालतमा पुनरावेदन परेको छ । प्रस्तुत घटना समसामयिक भएकाले सुरुवातमा उल्लेख गरिएको हो । यो आलेखको मूल उद्देश्य भने तिनको व्याख्या/विश्लेषण गर्नु होइन, बलात्कारको अर्थ र परिभाषा खोतल्नु हो ।

**रुबलात्कारको शाब्दिक अर्थ**

नेपाली बृहत् शब्दकोशका अनुसार बलात्कारको अर्थ-१. जबर्जस्ती गर्ने काम अन्याय अत्याचार । २. कुनै स्त्रीलाई उसको इच्छाविपरीत जबर्जस्तीसँग सम्भोग गर्ने काम बलपूर्वक सतीत्व नष्ट गर्ने काम । यसले के प्रस्ट पार्छ भने 'बलात्कार' शब्द यौनसँग मात्र सम्बन्धित छैन । जबर्जस्ती गरिने कुनै पनि काम बलात्कार हो । यो कुरा नबुझ्दा कसैले यौनबाहेकका प्रसंगमा यो (बलात्कार) शब्द प्रयोग गर्दा कतिपयले आपत्ति जनाउने गरेको पनि पाइन्छ । शब्दकोशमा पहिलो नम्बरमा उल्लेख अर्थले अर्को कुरा पनि स्पष्ट पार्छ- कुनै अन्याय, अत्याचार गर्नु पनि बलात्कार हो ।

शब्दकोशले दोस्रो नम्बरमा दिएको अर्थबारे त हाम्रो समाज जानकारै छ । बरु समाजले अहिलेसम्म बलात्कारको अर्थ यही रूपमा मात्र बुझ्नाले समस्या भइरहेको छ भन्दा अत्युक्ति नहोला । तर यसैमा पनि गहिरिएर सोच्न जरुरी छ । जबर्जस्ती भनेको फिल्ममा गुन्डाले हिरोइनलाई गरेजस्तै बल प्रयोग मात्र होइन, स्त्रीको सामान्य असहमति वा अनिच्छामा सम्पर्क गर्नु पनि बलात्कार हो । त्यसैले त आफ्नै पत्नी भए पनि उनको इच्छाविपरीत मैथुन गरियो भने मुद्दा लाग्छ ।

**कानुनी परिभाषामा बलात्कार**

हाम्रो कानुनमा कतै पनि 'बलात्कार' शब्द प्रयोग गरिएको छैन । 'जबर्जस्ती करणी' भनिएको छ । यसैलाई बलात्कार भनेर बुझ्नुपर्ने हुन्छ । मुलुकी अपराध संहिता, २०७४ दफा २१९ उपदफा २ मा लेखिएको छ : कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएको भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ । यही उपदफाको स्पष्टीकरणमा भनिएको छ : (क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी, शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन, (ग) [illegible] जबर्जस्ती करणी गरेको मानिनेछ । उपदफा ३ अनुसार करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी ७, १०, १२, १८, २० वर्ष कैददेखि जन्मकैदसम्म सजाय हुने व्यवस्था छ । सोही संहिताको दफा ४ अनुसार वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा भने पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा ५ वर्षसम्म कैद हुनेछ ।

**बलात्कारको विरोध, यौनको विरोध हो ?**

कतिपयलाई के पनि भ्रम परिरहेको हुनसक्छ भने बलात्कारको विरोध यौनकै विरोध/बहिष्कार हो । तर त्यसो होइन । बलात्कारको विरोध प्रकृतिको अनुपम उपहार, प्राणी निरन्तरताका लागि अनिवार्य प्रक्रिया यौनप्रतिकै घृणा कदापि होइन, हुनु हुँदैन । यौनको विरोध गर्नु भनेको त आफ्नै जन्मप्रति विरोध, बहिष्कार र घृणा गर्नु हो । सोचौं- हाम्रा आमा-बुबाबीच सम्भोग नभएको भए हाम्रो जन्म सम्भव थियो ? यसर्थ बलात्कार र यौन सम्बन्धको गम्भीर भिन्नतालाई गम्भीरतापूर्वक मनन गर्न जरुरी छ । तर कतिपयले बलात्कारको विरोध गर्ने नाममा जानेर/नजानेर स्त्री-पुरुष सम्बन्ध तथा यौनप्रति नै वितृष्णा र घृणा उत्पन्न गराउने काम गरिरहेका छन् । बलात्कारको विरोध न पुरुषको विरोध हो, न महिला-पुरुषबीचको सुन्दर सम्बन्धको । विरोध त अपमान, अत्याचार, हिंसा र दुर्व्यहारको पो हो । के बिर्सन हुँदैन भने सहमतिको अवस्थामा जुन व्यवहार यौन व्यवहार र मायाप्रेम हुन्छ, त्यही व्यवहार असहमतिको अवस्थामा यौन दुर्व्यवहार र हिंसा हुन्छ ।

तर 'सहमति'का सवालमा कानुनी बन्देजको पनि ख्याल गर्नुपर्ने हुन्छ । त्यसैले यौन दुर्व्यवहार वा बलात्कारको चर्को विरोध गर्ने नारीलाई कसैले यौन वा प्रेमकै विरोधी ठान्छ भने त्यो अज्ञानता हो महामूर्खता हो । अनि कुनै पुरुषले बलात्कार गर्‍यो भन्दैमा सबै पुरुषलाई बलात्कारी र सबै किसिमका यौन सम्बन्धलाई बलात्कार देख्नु अर्को मनोविकार हो ।

**बलात्कारी पुरुषका नाममा**

एउटा स्वस्थ मानिस निरपेक्ष रूपमा कहिले यौनको विरोधी हुन सक्दैन बरु हरेक व्यक्ति यौनप्रति लालायित नै हुन्छ । यति सरल काम पनि वैधानिक बाटोबाट गर्न नसक्ने पुरुषजत्तिको नालायक यो दुनियाँमा अरू को होला ? एउटी स्त्रीलाई प्रेमले पगालेर स्वत:स्फूर्त रूपमा आफ्नो अँगालोमा आउने वातावरण बनाउन नसक्ने पुरुषजत्तिको हुतिहारा यो संसारमा अरू को हुन सक्ला ? एउटा स्वस्थ पुरुषले बलात्कार गर्नु त परको कुरा, सोच्न पनि सक्दैन । जसले यौनलाई सही अर्थमा बुझेको छ, उसले कहिले बलात्कार गर्न सक्दैन । बलात्कार त तिनले गर्छन्, जो मानसिक रूपमा रोगी छन् । [illegible] सम्भोग शारीरिक प्रक्रिया मात्र नभएर मानसिकता र भावनासँग पनि गम्भीर रूपले जोडिएको विषय हो । किनकि चरम सन्तुष्टिको अनुभूति आफैंमा मानसिक कुरा हो । एकअर्काप्रति आकर्षण, सम्मान, प्रेम र आलिंगनका साथ गरिएको सम्भोगमा जुन सन्तुष्टि र आनन्द प्राप्त हुन्छ, जबर्जस्ती, लडाइँ-झगडा/अपराध गरेर गरिने 'सेक्स'बाट त्यो पाइन्छ र ? स्त्रीको अनिच्छा र विरोधबीच गरिने मैथुन यौनकै दृष्टिले पनि हस्तमैथुन वा कुनै निर्जीव वस्तु प्रयोग गरेर वीर्य पतन गराउनुभन्दा बढी हो र ? मलाई लाग्छ, अझ कम हो । यौन प्यासकै कारण हामी छटपटिएका हौं र यति ठूलो संसारमा एउटी स्त्रीको प्रेम प्राप्त गर्ने हुती नभएकै हो भने त्यति ठूलो अपराध (बलात्कार) गरिरहनुपर्छ र ? वीर्य पतनकै लागि त वैकल्पिक विधि कति छन् कति । होइन, स्त्रीको स्नेह र प्रेमसहितको सम्भोगको अपेक्षा गरेका हौं भने त उनको इच्छा र इज्जतको सम्मान गर्नु पर्दैन र ? यत्ति कुरा नबुझेर महिलालाई जबर्जस्ती करणी गर्ने पुरुषहरू पशुभन्दा पनि निम्न चेतनाका लाग्छन् । किनकि पशुले पनि बलात्कार गर्दैन ।

**बलात्कारवादी, प्रेमविरोधी समाज**

खासमा हाम्रो समाज नै बलात्कारी उत्पादन गर्ने कारखाना हो । जसले पुरुषलाई प्रेम गर्न होइन, बलात्कार गर्न सिकाउँछ । त्यसको एउटा साक्षी म आफैं हुँ । भर्खर भर्खर जवानी चढेका बेला साथीभाइले भन्थे- केटीले त 'हुँदैन' भनिहाल्छन् नि ! अलि जबर्जस्ती पो गर्नुपर्छ त ! अहिले पनि हाम्रो समाजको 'स्कुलिङ' यो भन्दा फरक होला र ! यस मामिलामा हालै आफ्नो पहिलो राष्ट्रिय भेला सम्पन्न गरेको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले पारित गरेको समसामयिक प्रस्तावअन्तर्गत यो बुँदा मनपर्‍यो : देशमा व्याप्त बेथिति, विकृति र विसंगतिपूर्ण अवस्थामा महिला हिंसा र बलात्कारजन्य घटनाहरूको कारक तत्व पितृसत्तात्मक संरचना र सामाजिक व्यवस्था रहेको ठहर गर्दै यस्ता हिंसात्मक घटनाहरूको अन्त्य गर्न हरेक घरघरमा बलात्कारी पुरुष चेतना जन्माउने पितृसत्ताका विरुद्ध प्रहार केन्द्रित गर्न आम सचेत जनसमुदायलाई हार्दिक अपिल गर्दछ, साथै सिंगो पार्टी पंक्ति पितृसत्ताका विरुद्ध दृढतापूर्वक उभिने प्रण गर्दछ ।

हो, वास्तवमा बलात्कारी सोच उत्पादन गर्ने काम पुरुषवादले गरिरहेको छ । अनि यसलाई जातिवादले दुरुत्साहन गरिरहेको छ । एउटी दलित महिलालाई कथित उच्च जातका पुरुषले शानका साथ बलात्कार गर्न सक्छ, तर त्यही स्त्रीलाई ऊ प्रेम र विवाह गर्न सक्तैन । यसैकारण तथाकथित उपल्लो जातका पुरुषबाट कैयौं दलित चेली बलात्कारमा परेका छन्, मारिएका छन् । दलित स्त्रीलाई बलात्कार गर्दा उसको जात जाँदैन, तर त्यही स्त्रीसँग विवाह गर्दा जात जान्छ' यो भनेको बलात्कार चल्ने, प्रेम वा विवाह नचल्ने भनेको होइन र! आखिर कुन बलात्कारीको जात खसाइएको छ त ? -साभार: नेपालखबर

# ऋण लिएर, चन्दा उठाएर ए डिभिजनमा पुगेको खुमलटार युथ क्लब



काठमाडौं/खुमलटार युथ क्लबका लागि गत आइतबार ऐतिहासिक दिन सावित भयो । २०६१ सालमा स्थापना भएको क्लब १७ वर्षपछि नेपाली फुटबलको शीर्ष डिभिजनमा बढुवा भयो ।

गत वर्ष अभागी सावित भएको खुमलटारलाई यसपटक भने भाग्यको साथ थियो । सहिद स्मारक बी डिभिजन लिगको अन्तिम खेलमा खुमलटारलाई आफूले जितेर मात्र पुग्नेवाला थिएन, गर्विलो इतिहास बोकेको रानीपोखरी कर्नर टिम (आरसिटी) ले अंक गुमाउनु पर्ने अवस्था थियो । नभन्दै त्यस्तै भयो, अन्तिम दिन खुमलटारले सामाजिक युथ क्लबलाई २-१ ले पराजित गर्दा आरसिटी बराबरीमा रोकियो ।

आरसिटीले टुसाल युथ क्लबसँग गोलरहित बराबरी खेल्दा अंक गुमाएको थियो । खुमलटारका लागि ए डिभिजनमा पुग्न आत्मघाती गोलको भूमिका थियो । सामाजिक युथविरूद्ध खुमलटारका सबिन केसीले १४ मिनेटमा गोल गर्दै अग्रता दिलाएका थिए । ५७ मिनेटमा सामाजिकका सुरेश खत्रीले बराबरी गोल फर्काएका थिए । एन्फा कम्प्लेक्समा अन्तिम मिनेट अघिसम्म सामाजिक र खुमलटारको खेल बराबरीको अवस्थामा रहँदा दशरथ रंगशालामा टुसालविरूद्ध खेलिरहेको आरसिटी ए डिभिजनतर्फ अघि बढिसकेको थियो । तर ९० मिनेटमा सामाजिकका विकास लिम्बूले आत्मघाती गोल गरे । त्यसपछि खुमलटारको खुसीको सीमा रहेन ।

बल क्लियर गर्ने क्रममा विकासले आफ्नै पोस्टमा गोल गर्दा खुमलटार ए डिभिजनमा पुग्न सफल भयो । अंक तालिकामा खुमलटार दोस्रो हुँदै २२ अंक जोड्दा तेस्रो भएको आरसिटीको पनि २२ अंक नै थियो । तर खुमलटारले लिगमा आरसिटीलाई ३-१ ले हराएकाले हेड टु हेडका आधारमा खुमलटार दोस्रो भयो । २९ अंक जोड्दै चर्च ब्वाइज च्याम्पियन बन्यो ।

यो वर्ष भाग्यको साथ पाएको खुलमटार अघिल्लो सिजन भने अभागी सावित बनेको थियो । यसपटक लिगका शीर्ष दुई टिम ए डिभिजन पुग्दा गत वर्ष एक टिमले भने शीर्ष डिभिजनमा पुग्ने मौका पाएको थियो । गत वर्ष खुमलटारले बी डिभिजनको दोस्रो स्थानमा लिग सकेको थियो । निर्णायक खेलमा सातदोबाटोसँग पराजित हुँदा खुलमटार शीर्ष डिभिजनमा पुग्नबाट बन्चित भएको थियो । 'अघिल्लो वर्ष हामीलाई भाग्यले पनि साथ दिएको थिएन ।

यसपटक अन्तिम खेल जित्दै ए डिभिजनमा पुग्दा निकै खुसी लागेको छ,' क्लबका अध्यक्ष मनिराज बिष्टले भने । उनका अनुसार स्थापना भएको तीन वर्षपछि खुमलटार सी डिभिजनमा बढुवा भएको थियो ।

२०६४ सालदेखि सी डिभिजनमा रहेको क्लब २०७० मा बी डिभिजनमा पुग्न सफल भयो । ए डिभिजनको यात्रा सहज भने नभएको अध्यक्ष बिष्टको भनाइ छ । किनभने क्लबले आर्थिक कठिनाइ भोग्नु पर्‍यो ।

यसपटकको बी डिभिजन लिगका लागि क्लबले ५२ लाखको बजेट बनाएको थियो । तर क्लबको नियमित आम्दानीको स्रोत भने केही थिएन र अहिले पनि छैन । जसमा क्लबका सदस्य, पदाधिकारी र शुभेच्छुकले सहयोग प्रदान गरे ।

अध्यक्ष बिष्टका अनुसार क्लबलाई एक रेस्टुरेन्टले प्रायोजन गरेको थियो भने एन्फाले तयारी स्वरूप साढे १२ लाख रुपैयाँ दिन्छ । क्लबले उपविजेता भएबापत् थप १० लाख रुपैयाँ पनि पाउनेछ ।

बाँकी रकम भने ऋणबाट व्यवस्थापन हुने अध्यक्ष बिष्टले बताए । उनले ऋण रकम भने खुलाएनन् । 'हामीले चन्दा उठाएर क्लबका लागि खर्च गरिरहेका छौं । यसपटक हामी ऋणमा पनि छौं,' बिष्टले भने ।

ऋण लिएर भए पनि खेलाडीको सुविधाका लागि कुनै सम्झौता नगरेको उनको भनाइ छ । 'खेलाडीको तलब र सुविधका लागि कुनै सम्झौता गरेका थिएनौं, जसले गर्दा खेलाडीले पनि मिहिनेत गरे' उनले भने । ए डिभिजनमा पुग्नका कुशल व्यवस्थापनले काम गरेको उनले अनुभव सुनाए ।

अध्यक्ष बिष्टले भने, 'पैसा मात्र पनि ठूलो कुरा होइन । हामीले राम्रो व्यवस्थापनमा ध्यान दिएका थियौं । त्यसैले सफल भएको जस्तो लाग्छ ।' बी डिभिजनभन्दा ए डिभिजनमा आर्थिक रूपमा सहज हुने उनको विश्वास छ । 'बी डिभिजनभन्दा ए डिभिजनमा अलि सहज हुन्छ होला ।

किनभने बी डिभिजनको तुलनामा ए डिभिजनका लागि प्रायोजक पनि पाउन सजिलो हुन्छ । हाम्रो सम्पर्कमा केही शैक्षिक संस्था र बैंक आइसक्नु भएको छ,' उनले भने,' हामी ए डिभिजनमा सुरूमै उपाधि जित्ने लक्ष्य त राख्दैनौं । सुरूका वर्षमा ए डिभिजनमा टिक्ने लक्ष्यसहित क्लबलाई अगाडि बढाउँछौं ।'

ललितपुर महानगर पालिका वडा नम्बर १५ मा अवस्थित खुमलटार युथको आफ्नै भवन छ । भवनमा होस्टलसहितको सुविधा रहेको अध्यक्ष बिष्टले जनाकारी दिए । क्लबको प्रशिक्षण भने लगनखेलको बुद्धिविकास मैदानमा हुने गरेको छ । -साभार: सेतोपाटी

## पूर्व कप्तान अनिल गुरुङ सम्मानित



काठमाडौं/राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान अनिल गुरुङ बक्स अफिस खेलकुद सम्मानबाट सम्मानित भएका छन् । बक्स अफिस इन्टरनेसनल ग्रुपले सोमबार आयोजना गरेको ब्लक बस्टर नेपाली फिल्म अवार्डमा खेलकुदबाट अनिल सम्मानति भएका हुन् । उनलाई संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री प्रेम आलेले सम्मान पत्र प्रदान गरेका थिए ।

नेपाली फुटबलको विकास र श्रीबृद्धि गर्न अविछिन्न रुपमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको बताइएको छ । फरक क्षेत्रबाट सम्मानति हुदा खुसी लागेको अनिलले बताएका छन् । 'फिल्म क्षेत्रबाट खेलकुद क्षेत्रलाइ माया गरेको देख्दा खुसी लाग्यो । यो व्यक्तिगत रुपमा भन्दा फुटबलकै सम्मानको रुपमा । फरक क्षेत्रबाट स्मरण गर्दा गर्व महसुस भयो ।'

झण्डै एक दशक राष्ट्रिय टोलीबाट खेलेका अनिलले ५ वर्षअघि अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिएका थिए । पछिल्लो दुई वर्ष उनले ब्रिगेड ब्वाइज क्लब (बिबिसी) क्लबबाट व्यवसायिक फुटबल खेलेका थिए ।

तर, यो वर्ष बिबिसी बी डिभिजनमा घटुवा भएको थियो । मनाङ मर्स्याङ्दी क्लबका पूर्व कप्तान समेत रहेका अनिलले थ्री स्टार, एनआरटीसँगै इन्डियन (आइ) लिग टोली सिलोङ लाजोङबाट पनि व्यावसायिक फुटबल खेलेका थिए । -साभार: हाम्रो खेलकुद

# प्राधिकरणले किन्यो २० विद्युतीय गाडी, चालकले मानेनन् चलाउन



काठमाडौं/नेपाल विद्युत् प्राधिकरणले एकैसाथ २० वटा विद्युतीय सवारी किनेको छ । प्राधिकरणले 'टाटा नेक्सन ईभी' किनेपछि प्राधिकरणमा कार्यरत चालकहरु आफूलाई विद्युतीय गाडी चलाउने जिम्मेवारी नदिलाउन भन्दै आन्तरिक 'लबिइङ'मा लागेका छन् ।

विद्युतीय सवारीमा तेलको सुविधा पनि नपाइने र मर्मत समभार शुल्क ज्यादै न्यून हुने भएकाले अतिरिक्त आम्दनी गुम्ने डरले चालकहरु त्यस्ता सवारी आफूले नचलाउने गरी व्यवस्था गरिदिन प्राधिकरणको उपल्लो तहका अधिकारीलाई आग्रह गरिरहेका छन् ।

'जिम्मेवारी पाउन लागेका अधिकांश चालकहरुले आफूलाई विद्युतीय गाडी नदिन पहल थाल्नुभएको छ, कर्मचारी संघ संगठनका नेताहरुले पनि उहाँहरुको गुनासो लिएर सक्रिय हुनुभएको छ,' ती अधिकारीले भने, 'तेल, मोबिल, टायर र मर्मत सम्भारमा बढी खर्च देखाएर गरिने अतिरिक्त आम्दनी घट्ने भएपछि धेरै चालक त्रस्त छन् ।'

यसअघि सडक विभागले किनेको विद्युतीय सवारी चलाउन पनि चालकहरुले मानेका थिएनन् । अन्य केही मन्त्रालय र निकायले किनेका विद्युतीय सवारी पनि चालक र कर्मचारीले चढ्ने इच्छा नदेखाएपछि फाट्टफुट्ट अत्यावश्यक अवस्थामा मात्रै प्रयोगमा आउँछ ।

आफूले चलाउँदै आएका पेट्रोल गाडी काठमाडौंबाट हटाएर अन्य स्थानमा प्राधिकरणका वितरण केन्द्र र आयोजनाहरुका साइटमा पठाउन लागेपछि आफूलाई विद्युतीय सवारी चलाउन नपर्ने वातावरण बनाइदिन चालकहरुले प्राधिकरणका अधिकारीहरुलाई भेटिरहेका छन् ।

पेट्रोलियम गाडी मर्मतका लागि हुने खर्चमा प्राधिकरणका सामान्य सेवाका कर्मचारीहरुले सर्भिस सेन्टरबाट २५ प्रतिशतसम्म अतिरिक्त सेवा शुल्क जोडेर कमिसन लिने गरेको प्राधिकरणका एक अधिकारीको दाबी छ । त्यसको हिस्सा चालकहरुले समेत पाउने गरेका छन् । विद्युतीय सवारीमा यस्तो सर्भिसिङमा हुने खर्च लगभग ९० प्रतिशतले कम हुन्छ ।

कतिपय चालक तथा कर्मचारीले प्राधिकरणले उपलब्ध गराउने तेल सुविधा पुरै उपयोग नहुने अवस्थामा पेट्रोल पम्पमा पुगेर नगद नै लिने गरेका छन् । प्राधिरकणको अधिकांश सवारीलाई विद्युतीय सवारीबाट प्रतिस्थापन गर्ने हो भने वार्षिक रुपमा प्राधिकरणको करोडौं रुपैयाँ बचत हुन्छ ।

अहिले प्राधिकरणले १० औं तह र त्यसभन्दा माथिका कर्मचारीलाई मात्रै गाडी सुविधा दिन्छ । तर, कम्पनी, आयोजना तथा शाखा हेर्नेहरुले ७ औं तहबाटै यस्तो सुविधा लिइरहेका छन् । सरकारी सेवाका चालकहरुले सकेसम्म नयाँभन्दा पुरानो गाडीमा चालक बस्न प्रयत्न गर्ने गरेका छन् । यसले नै चालकहरुको अतिरिक्त आम्दनीको मोह झल्काउँछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ सवारीमा हुने खर्च कटौती गर्न र विद्युतीय सवारीको प्रवर्द्धन गर्न अब साइटमा परिचालन हुने बाहेकका प्रयोजनमा विद्युतीय सवारी नै किन्ने योजना सुनाउँछन् । उनका अनुसार अब पेट्रोल गाडीहरु आयोजना र मर्मत सम्भारको काममा साइटहरुमा जान-आउन मात्रै प्रयोग गर्ने नीतिका साथ अघि बढ्न लागिएको छ ।

'अब विद्युतीय सवारी नै हाम्रो भविष्य हो, त्यसैले अब काठमाडौं, पोखरा, विराटनगर जस्ता शहरमा कार्यरत कर्मचारीलाई विद्युतीय सवारीकै सुविधा दिन्छौं,' उनले भने, 'साइटमा जानेबाहेकका सवारी विद्युतीय नै किन्ने योजना हो । प्राधिकरणले नै विद्युतीय सवारीको प्रयोगलाई प्रोत्साहित गर्नुपर्छ भनेर यस्तो गर्न लागेका हौं ।'

विद्युतीय सवारीले विद्युत् खपत बढाउने, शहर सफा र स्वच्छ राख्ने तथा रातिको समयमा सस्तो बिजुलीको उपयोग गर्ने भएकाले प्रवर्द्धनको नीति लिइएको घिसिङको भनाइ छ । चालकहरुले चलाउन इच्छा नदेखाएकोबारे प्रश्न गर्दा उनले विद्युतीय सवारी चलाउन नमान्नुपर्ने कारण नै नभएको बताए ।

'आफ्नो जिम्मेवारी अनुसार सबैले काम गर्नुपर्छ, आफू चढ्ने सवारी सम्बन्धित कर्मचारीले नै चलाउँदा पनि हुन्छ,' उनी भन्छन्, 'त्यसले प्राधिकरणको खर्च नै जोगिन्छ ।' -साभार: अनलाईनखबर

# बलिउड गायिका आस्था गिलको काठमाडौंमा प्रस्तुति

काठमाडौं/बलिउड गायिका आस्था गिल आगामी वैशाख २४ गते शनिबार अर्थात् मे ७ मा राजधानीमा गुञ्जिने भएकी छन् ।

उनले 'आस्था गिल लाइभ' कार्यक्रममार्फत आफ्ना लोकप्रिय हिट नम्बरबाट दर्शक नचाउने भएकी हुन् ।

दरबारमार्गस्थित क्लब प्लाटिनमले उनलाई सांगीतिक कार्यक्रम सहित प्रस्तुत गर्न लागेको हो । युहान इन्टरनेसनल इभेन्ट, फेलिज, एमी इन्टरटेनमेन्ट र क्लब प्लाटिनमले संयुक्त रुपमा कार्यक्रमको आयोजना गर्न लागेको हो ।

कार्यक्रमको आयोजकले अग्रिम टिकट बुकिङ खुला गरेका छन् । टिकटको मुख्य लागि १ हजार र भीआइपीका लागि २ हजार राखिएको छ । कार्यक्रमको अनलाइन टिकेटिङ पार्टनर ग्लोबल अनलाइन



पे रहेको छ । फिल्म 'फग्ली'को पार्टी सङ 'ढुप चिक'बाट बलिउडको पार्श्व गायनमा पाइला चालेकी आस्थाका 'अभि तो पार्टी सुरु हुई है', 'डिजे वाला बाबु', 'बज', 'नागिन', 'ह्याप्पी ह्याप्पी', 'कमरिया'लगायतका गीत लोकप्रिय छन् । उनी स्टण्ट बेस्ड रियालिटी शो 'फियर फ्याक्टर: खतरों कि खेलाडी ११' को प्रतिस्पर्धी पनि हुन् । -साभार: रातोपाटी

# भरतपुरका मुख्य निर्वाचन अधिकृत फेरिए



काठमाडौं-निर्वाचन आयोगले भरतपुर महानगरपालिकाका मुख्य निर्वाचन अधिकृत हेरफेर गरेको छ । आयोगले सोमबार गरेको निर्णयअनुसार चितवन जिल्ला अदालतका न्यायाधीश हेमन्त रावललाई हटाएको हो ।

उनको सट्टामा चितवन जिल्ला अदालतमा कार्यरत न्यायाधीश प्रकाशकुमार अधिकारीलाई मुख्य निर्वाचन अधिकृत तोकिएको हो । न्यायाधीश प्रकाशकुमार अधिकारी वरीयतामा चौथो नम्बरमा छन् । यसअघि पनि निर्वाचन आयोगले निर्वाचन अधिकृतहरूको हेरफेर गरिसकेको छ । चैत २३ गतेको बैठकले ७१ जना निर्वाचन अधिकृत हेरफेर गरेको थियो । विविध कारण भएको भन्दै आयोगले हेरफेर गरेको थियो ।

यस्तै आइतबार मात्रै पनि एक सूचना जारी गर्दै १० जना निर्वाचन अधिकृतलाई हटाएर १० जना अरू अधिकृत तोकेको थियो । एक जनाको भने संशोधन गरिएको थियो । -साभार: सेतोपाटी

## मानव हड्डीसहित एक जना पक्राउ

विराटनगर/मानव हड्डीसहित विराटनगरमा एक जना पक्राउ परेका छन् । सशस्त्र प्रहरीको सीमा सुरक्षा बल रानीको टोलीले भारतको विहार पुर्णिया जिल्लाको पूर्णिया नगरपञ्चायतका २६ वर्षीय आदित्य सिन्हालाई पक्राउ गरेको हो ।

प्रहरीले मंगलबार विराटनगर-१५ स्थित रानी नाकाको १ नम्बर ढाटबाट सिन्हालाई मानव अंगसहित पक्राउ गरेको हो । सिन्हाको साथबाट प्रहरीले मानव खप्पर, खुट्टा, हात, करङ, बंगरा, काँध, घाँटी, हिप, ढाड, औंला र कुरकुच्चाका हड्डी गरी ४६ वटा मानव हड्डी बरामद गरेको हो ।

उनको साथबाट प्रहरीले विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा इन्टर्नसीपको समयमा सन् २०१६ मा बनाएको परिचयपत्र पनि बरामद गरेको छ। सिन्हाले भारतका संग्रहालयमा बिक्रीका लागि मानव हड्डी लैजान खोजेको आशंका प्रहरीको छ ।

पक्राउ परेका सिन्हाले भने आफूलाई मानव अंग ओसार पसार अवैध हो भन्ने जानकारी नभएकोले भारत लैजान लागेको बताएका छन् । -साभार: सेतोपाटी

# 'जनताले विकल्प चाहेका छन'



काठमाडौं/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रवक्ता सगुन सुन्दर लावतीले स्थानीय तहको निर्वाचनमा मतदाताको छनौटमा परिवर्तन आउने जिकिर गरेका छन् ।

जनताले फरक दल र फरक प्रतिनिधिलाई चुन्ने उनले दावी गरे । 'नेपाली जनता विकल्प चाहन्छन् । त्यसकारण जनताले विगतभन्दा फरक रुपमा मतदान गर्नेछन् । जनताले फरक पार्टी र फरक उम्मेदवारलाई मत दिने छन्, जनताको प्राथमिकता र चाहनामा परिवर्तन आउने छ,' प्रवक्ता लावतीले भने । भारतको आवधिक निर्वाचनहरूमा कांग्रेस आईको घट्दो लोकप्रियता र भाजपाको उदय चित्रण गर्दै लावतीले आगामी निर्वाचनमा मतदाताको प्राथमिकता परिवर्तन हुने दावी गरे ।

पाथीभरा याङवरक गाउँपालिकास्तरीय चुनावी भेलालाई सम्बोधन गर्दै लावतीले सो विचार व्यक्त गरेका हुन् । 'सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुने गरेको अवस्था विद्यमान छ ।

यस्तो कहालीलाग्दो अवस्थालाई चिरेर राप्रपाले भ्रष्टाचार मुक्त प्रशासन कायम गर्ने छ । राप्रपाका कुनै पनि प्रतिनिधिले भ्रष्टाचार गर्ने छैन, गर्न दिने छैन । समाजको यो महारोग पूर्ण नियन्त्रण गर्नेछ,' उनले भने । लावतीले राप्रपाले जितेका स्थानमा १२ कक्षासम्म निशुल्क शिक्षा उपलब्ध गर्ने बताए । -साभार: रातोपाटी

# ट्वीटरको कार्यालयमा सुकुम्बासीलाई बस्न दिने

काठमाडौं/हालै ट्वीटरको करीब १० प्रतिशत शेयर खरिद गरी कम्पनीको निर्देशक बोर्डमा समेत मनोनित भएका विश्वका सबैभन्दा धनी व्यक्ति एलन मस्कले ट्वीटर कम्पनीको मूख्यालयलाई सुकुम्बासीहरुको आश्रयस्थल बनाउनुपर्ने मत राखेका छन् ।

उनले सनफ्रान्सिस्कोस्थित ट्वीटर मूख्यालयलाई के घरबारबिहीन मानिसहरुको आश्रयस्थल बनाउनुपर्ला ? भनेर ट्वीटरमा मत सर्भेक्षण गरेका थिए । मस्कको उक्त ट्वीटर पोलमा विश्वका दोश्रो नम्बरमा अर्बपति तथा अमेजन कम्पनीका संस्थापक जेफ बेजोसले प्रतिक्रिया दिएका छन् ।

उनले ट्वीटर मुख्यालयलाई घरबारविहीन मानिसहरुका लागि आश्रयस्थल बनाउने कुरामा सहमति जनाएका छन् । तर मुख्यालयको पूरै कार्यालय नभएर त्यसको केही हिस्सालाई बेघर मानिसहरुको आश्रयस्थल बनाउन सकिने उनको भनाई छ ।



उनले भनेका छन्, 'एउटा हिस्सा दिन सकिन्छ । यसले राम्रोसँग काम गर्नेछ र स्वयंसेवी कर्मचारीहरुका लागि पनि सहज हुनेछ ।'

शनिवार मस्कले राखेको ट्वीटर पोलमा जेफ बेजोसले पनि प्रतिक्रिया दिएका हुन् । मस्कको उक्त मत सर्भेक्षणमा ९१.५ प्रतिशत मानिसले ट्वीटर मुख्यालयलाई सुकुम्बासीको आश्रयस्थल बनाउनुपर्ने बताएका छन् । स्मरण रहोस् अमेजन कम्पनीले पहिलेदेखि नै यस्तो काम गर्दै आएको छ ।

वाशिङटनस्थित अमेजनको मुख्यालयस्थित एउटा भवन यसअघि नै घरबारविहीन व्यक्तिहरुको लागि आश्रयस्थलको रुपमा प्रयोग गरिँदै आएको छ । MaryÚs Place family Center सन् २०२० को मार्च देखि नै सुरु गरिएको थियो । यसले मानिसहरुलाई आश्रयस्थल तथा सहयोग दुबै प्रदान गर्दछ । त्यहाँ हरेक रात करीब २ सय जना मानिस बस्ने गरेका छन् । त्यहाँ मानिसहरुलाई खानेकुरा दिइन्छ भने स्वास्थ्य क्लिनिक, कार्यालय, कम्प्युटर ल्याबसमेत छ । *-एजेन्सीको सहयोगमा*

## अफगानिस्तानविरुद्ध खेल्दै नेपाल



काठमाडौं/एएफसी फुटसल एसियन कप सेन्ट्रल तथा साउथ जोनको छनोट प्रतियोगितामा नेपालले मंगलबार समूहको अन्तिम खेलमा अफगानिस्तानविरुद्ध प्रतिस्पर्धा गरिने बताए । अघिल्लो चरणको सम्भावना समाप्त भइसकेकाले नेपालका लागि मंगलबारको खेल प्रतिष्ठाको मात्र हुनेछ ।

पहिलोखेलमा उज्वेकिस्तानसँग ५-१ ले पराजित भएको नेपाल दोस्रो खेलमा ताजकिस्तानसँग ११-१ ले पराजित भएको थियो । अफगानिस्तानको भने अघिल्लो चरण पुग्ने झिनो सम्भावना बाँकी छ । अफगानिस्तानले नेपाललाई फराकिलो अन्तरमा हराउँनुका साथै उज्वेकिस्तानले ताजकिस्तानलाई हराइदियो भने अफगानिस्तानको सम्भावना कायम रहन्छ । त्यसैले नेपालका लागि यो प्रतिष्ठाको खेल भए पनि अफगानिस्तानका लागि भने महत्वपूर्ण छ ।

अफगानिस्तानले पहिलो खेलमा ताजकिस्तानसँग ४-४ को बराबरी खेलेको थियो भने दोस्रो खेलमा उज्वेकिस्तानसँग ५-१ ले पराजित भएको थियो । आजै उज्वेकिस्तान र ताजकिस्तानले प्रतिस्पर्धा गर्दैछन् । नेपालले अफगानिस्तानविरुद्ध किर्गिस्तानको बिश्केकस्थित गाज्पोर्म स्पोर्ट्स कप्लेक्समा दिउसो १:४५ बजे खेल्नेछ । -साभार: बाह्रखरी

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडाको मेयरमा एमालेबाट तीन जना सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/नेकपा एमाले हेटौंडा उपमहानगर कमिटीले आगामी ३० वैशाखमा हुने स्थानीय तह निर्वाचनका लागि हेटौंडाको मेयरमा तीन जनाको नाम सिफारिस गरेको छ ।

मंगलबार एमाले नगर कमिटीको बैठकले मेयरका आकांक्षी ९ जनामध्येबाट सहमतिका आधारमा ३ जनाको नाम टुंगो लगाएको थियो । तीन जनाबीच सर्वसम्मतीको प्रयास गरेपनि अन्तत नगर कमिटीले मेयरका लागि संविधानसभा सदस्य अनन्त पौडेल, वर्तमान मेयर हरिबहादुर महत र महिला नेतृ गणेशकुमारी श्रेष्ठ प्रधानको नाम पार्टी जिल्ला कमिटीमा सिफारिस गरेको हो ।

अब तीन जनामध्ये एक जनालाई मेयरका लागि एमालेको केन्द्रीय कमिटीले छनौट गर्नेछ । त्यसअघि जिल्ला कमिटीले आज बुधबार प्रदेश कमिटीमा सिफारिस गर्ने एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले जानकारी दिए । प्रदेश कमिटीले पनि उक्त नाम केन्द्रीय कमिटीमा पठाउने छ ।

एमाले नेताहरुका अनुसार सिफारिस भएका तीन जनामध्ये मेयरको टिकट पाउनेमा बढी सम्भावना बोकेका महत र पौडेल हुन् । एमाले बागमती प्रदेशका संगठन विभाग प्रमुखसमेत रहेका हेटौंडा-४, निवासी पौडेल २०७० सालमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए । करिब ३ अर्ब बजेट रहेको उपमहानगरको नेतृत्व सम्हाल्न पौडेलले विगत एक वर्षदेखि पार्टीभित्र लबिङ बढाएका थिए । पुन: मेयरमा दोहोरिन चाहेका हेटौंडा-५, घर भएका महतले गत निर्वाचनमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीचको गठबन्धनका उम्मेदबारलाई हराउँदै बिजयी बनेका थिए । आफ्नो कार्यकालमा नगरभित्र भएको विकासकै आधारमा नगरबासीलाई आफूलाई जिताउनेमा उनी विश्वस्त छन् ।

तत्कालीन जिल्ला खेलकुद विकास समिति मकवानपुरको अध्यक्षसमेत भएका महत ०५४ मा भएको निर्वाचनमा हेटौंडाको उपमेयर बनेका थिए । गोर्खामा जन्मिएकी गणेश कुमारीले २०३५ सालदेखि चितवनबाट विद्यार्थी राजनीति सुरु गरेकी थिइन् । २०५४ सालमा वडा सदस्यसमेत भएकी श्रेष्ठले पार्टीले विश्वास गरेर मेयरमा अबसर दिए पाँच वर्ष स्थानीय सरकार चलाउन सक्षम रहेको बताइन् । उनले आफू पार्टीमा लामो समयदेखि काम गरेको अनुभव सुनाउँदै पहिलो महिला मेयर बन्नेमा ढुक्क रहेको सुनाएकी छन् ।

यसैगरी, नगर कमिटी बैठकले उपमेयरका लागि तीन जनाको नाम जिल्लामा सिफारिस गरेको छ । ७ जना आकांक्षीमध्येबाट महिला अधिकारकर्मीसमेत रहेकी आरती पाठक, वर्तमान हेटौंडाको न्यायिक समिति सदस्य रहेका ईन्द्र नेपाल र सुमित्रा काफ्ले छन् ।

यसअघि एमालेबाट मेयर बन्ने चाहना बोकेका पार्टी केन्द्रीय सदस्य तथा पार्टी मकवानपुर इञ्चार्ज रामेश्वर राना, वर्तमान मेयर महत संविधानसभा सदस्य पौडेल, जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलाल, एमाले जिल्ला अध्यक्ष एकालाल श्रेष्ठ, पार्टी जिल्ला सस्य मदन दाहाल, ध्रुव चौलागाईं, विके महर्जन, गणेशकुमारी श्रेष्ठले दाबी गरेका थिए । गत निर्वाचनमा गठबन्धनलाई हराएको कारणपनि आगामी निर्वाचनमा जित्ने सम्भावना बढी देखिएको आंकलनसहित मेयर र उपमेयरमा एमालेभित्र धेरै आंकाक्षी बढेको देखिन्छ ।

जिल्लाका १० स्थानीय तहमध्ये एमालेको सबैभन्दा धेरै मतदाता भएको पालिका हेटौंडा उपमहानगरपालिका हो । हेटौंडाको १९ वटा वडामध्ये १२ वटा वडामा एमालेले जितेको थियो । बाँकी ५ वटा कांग्रेस र २ वटा नेकपा माओवादी केन्द्रले जितेको थियो ।

माओवादीले जितेकोमध्ये हेटौंडा-१४ का, वडाध्यक्ष एमालेमै प्रवेश गरिसकेका छन् । २०४६ मा बहुदल स्थापनापछि ०४९ र ०५४ मा भएको निर्वाचनमा हेटौंडामा एमाले बिजयी बनेको थियो । २० वर्षपछि २०७४ मा भएको निर्वाचनमा पनि एमालेका मेयर र उपमेयर नै निर्वाचित भए । एमाले जिल्लाकै ठूलो पार्टी पनि हो । गत निर्वाचनमा एमालेले हेटौंडासहित ६ वटा पालिकामा अध्यक्ष र ८ वटामा उपाध्यक्ष जितेको थियो ।

हाल एमाले विभाजनपछि बनेको नेकपा (एकीकृत समाजवादी)मा एमालेबाट निर्वाचित दुई पालिका अध्यक्ष र दुई उपाध्यक्ष गएका छन् । पार्टी विभाजनपछि पनि एमाले बहुमतमै छ । हेटौंडाको मयरका लागि कांग्रेस, माओवादी, एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादीबीचको पाँच दलीय गठबन्धनले पनि उम्मेदवार छनौट गर्न सकेको छैन ।

मेयरमा गठबन्धनका कांग्रेस र एकीकृत समाजवादीले दाबी गरेका छन् । दुबै पार्टीबीच गठबन्धनभित्र हेटौंडाको मेयरका लागि रस्साकस्सी चलेको छ । कांग्रेसभित्रै मेयरका लागि प्रतिस्पर्धा चलेकाले भागबण्डामा हेटौंडा एकीकृत समाजवादीले पाउन सक्ने पनि राजनीतिक वृतमा चर्चा छ ।

# समृद्ध मुलुकबाट मात्र मानव अधिकार सुनिश्चित हुन्छ : *सभामुख श्रेष्ठ*




साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले समृद्ध मुलुकबाट मात्रै मानव अधिकारका विषयहरु सुनिश्चित हुने बताएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालयले ०७८ चैत २९ गते हेटौंडामा आयोजना गरेको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना सम्बन्धी प्रदेशस्तरीय कार्यक्रममा सभामुख श्रेष्ठले देशको आर्थिक स्थितिले मानव अधिकारको अवस्था दर्शाउने बताउँदै जनताले संविधान प्रदत्त अधिकार प्राप्तिका लागि देश समृद्ध र विकसित हुन आवश्यक रहेको औंल्याए ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले मौलिक अधिकारलाई मानव अधिकारको रुपमा परिभाषित गरेपनि राज्यले उक्त अधिकार समान ढँगले प्रदान गर्न नसकेको उनले बताए ।

मानव अधिकारको विषय राजनीतिसंग पनि जोडिने हुनाले राजनीतिक दलहरुले मानव अधिकारका विषयलाई घोषणापत्र बाटै सम्बोधन र अँगिकार गर्नुपर्ने बताए ।

प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सरकारले लिएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गराउने गरी कामलाई प्राथमिकताका आधारमा अघि बढाएको बताएकी छन् ।

यस्तै, प्रदेश नीति तथा योजना आयोगका सदस्य प्रल्हाद लामिछानेले मानव अधिकारको विश्वव्यापी घोषणामा नेपाल पक्षराष्ट्र भएकोले कार्ययोजनाअनुसार राज्यका सबै संयन्त्रले काम गर्नुपर्ने बताए । यस्तै, पाँचौ राष्ट्रिय कार्ययोजनामा मौलिक अधिकारअन्तर्गत् रहेको खाद्य अधिकारमा पोषण तथा खाद्य सुरक्षा तथा वातावण र दीगो विकास अन्तर्गत् जलवायुको समस्या पनि कार्ययोजनामा समावेश गर्न सुझाव दिए । कार्ययोजनालाई कार्यान्वयन गराउन तीनवटै तहमा व्यवस्था गरिएको समन्वय समितिलाई निर्देशन समितिको रुपमा परिभाषित गरेमात्रै राज्यले लिएको लक्ष्यमा पुग्ने बताए ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलालले मानव अधिकारको विषयमा सबै पक्ष जिम्मेबार बन्न आग्रह गरे । मानव अधिकारलाई सबल र सुदृढ बनाउन समाज सुधारको पक्षमा राजनैतिक दलका नेतृत्व, राज्य संयन्त्र र नागरिक समाजहरु एकजुट भएर काम गर्न आग्रह गरेका छन् । मानव अधिकार सबैको साझा सरोकारको विषय भएकाले यसको कार्यान्वयनमा सबैको समन्वयकारी भूमिका आवश्यक रहेको बताए ।

कार्यक्रममा इन्सेक प्रलेख तथा पैरवी विभाग प्रमुख सम्झा श्रेष्ठले मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । इन्सेक बागमती प्रदेश कार्यालयका संयोजक कृष्ण गौतमले मानव अधिकारको विश्वव्यापी घोषणापत्र २०६१ देखि नेपालमा मानव अधिकारको सम्बर्द्धन र संरक्षण सम्बन्धी योजनाहरु कार्यान्वयन हुँदै आएको बताएका छन् ।

# खाजा पाएपछि चेपाङ विद्यार्थीको खुसी





**खाजा पाएपछि खुशी:** मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-९ सिम्लटारस्थित श्रीप्राथमिक विद्यालयमा दिवा खाजा खँदै चेपाङ बालबालिका । विद्यालयमा दिवा खाजाको व्यवस्था भएपछि विद्यालय जाने विद्यार्थीको संख्या उलेख्य बढेको छ । विगतमा राक्सिराङका चेपाङ बालबालिका विद्यालय जाँदैन थिए । विद्यालयकी प्रधानाध्यापक मिठु लामिछानेका अनुसार एकवर्ष अघिसम्म विद्यालय आउन बालबालिकालाई घर-घरमा बोलाउन जानु पर्ने बाध्यता थियो । दिवा खाजाको व्यवस्था भएपछि भने विद्यालय आउने विद्यार्थीको संख्या ६९ पुगेको प्रअ लामिछानेले बताए । प्रत्येक दिन एक जनालाई १५ रूपैयाँ बराबरको खाजा विद्यालयमा नै बनाएर खुवाउने गरेको जनाइएको छ । तर, ५ कक्षासम्म मात्रै सरकारले खाजाको व्यवस्था गरेको हुनाले ५ कक्षाभन्दा माथिका कक्षामा न्यून विद्यार्थी मात्र हुने गरेका छन् । प्रअ लामिछानेका अनुसार भोकमरी र गरिबीको चपेटामा पर्ने राक्सिराङका चेपाङ बालबालिका एक छाक खानैका लागि भएपनि विद्यालय धाउन थालेका हुन् । वर्षको ६ महिना खाद्य संकट हुने राक्सिराबासीका चेपाङलाई अहिलेपनि दिनमा दुई छाक पेट भर्न हम्मेहम्मे पर्ने गर्छ । चेपाङहरु जंगलमा गिठ्ठाभ्याकुर खाएर छाक टार्ने गर्थे । - तस्बिर: *श्रीजना नेपाल/साझाकुरा* ।

# प्रेस युनियनको महाधिवेशनका लागि समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/ नेपाल प्रेस युनियनको नवौं महाधिवेशनको लागि ७ वटा समितिहरु पहिचान गरिएको छ ।

प्रेस युनियन मकवानपुर र महाधिवेशन समन्वय समितिको आह्वानमा मंगलबार भएको भेलाले महाधिवेशनलाई व्यवस्थित ढंगले सम्पन्न गराउनको लागि समिति गठन गर्ने निर्णय गरेको हो । महाधिवेशन आगामी जेठ १३ र १४ गते हेटौंडामा हुँदैछ ।

मंलबारको भेलाले प्रचार प्रसार समिति, मञ्च व्यवस्थापन समिति, स्वागत सत्कार तथा प्रभातफेरी समिति, सांस्कृतिक समिति, स्वयंसेवक तथा सुरक्षा समिति, आर्थिक समिति र स्वास्थ्य तथा पिउनेपानी व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ । यसअघि महाधिवेशन समन्वय समिति, आवास समिति, भोजन समिति र सचिवालय व्यवस्थापन समिति गठन भइसकेको छ ।

थप गरिएका समितिहरुमा संयोजक र सदस्यहरु छिट्टै तोकिने र समितिहरुले गर्ने कामहरुको बारेमा समेत स्पष्ट खाका बनाइने महाधिवेशन समन्वय समितिका संयोजक एवम् युनियनका केन्द्रीय सदस्य राममणि दाहालले जानकारी दिए । भेलामा युनियनका केन्द्रीय सदस्य राममणि दाहाल, युनियन मकवानपुरका निवर्तमान अध्यक्ष रुपेश दुलाल, पूर्वअध्यक्ष गोकर्ण सुवेदी, युनियन मकवानपुरका अध्यक्ष पोष्टराज अधिकारी कुमार, युनियन उपाध्यक्ष एवम् नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतम, सचिव केशव समर्पणलगायत पदाधिकारी तथा सदस्यहरुको सहभागिता रहेको थियो । महाधिवेशनमा युनियनका करिब एकहजार ५ सय प्रतिनिधि सहभागी हुनेछन् । प्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले महाधिवेशन उद्घाटन गर्ने जनाइएको छ ।

# महिला पत्रकारलाई नियमित सेनिटरी प्याड उपलब्ध गराइने

साझाकुरा संवाददाता

हेटौंडा, २९ चैत/नेपाल पत्रकार महासंघ मकवानपुरको संयोजनमा मकवानपुरका महिला पत्रकारहरुलाई नियमितरुपमा सेनिटरी प्याड उपलब्ध गराइने भएको छ । नि:शुल्क दूर्घटना बिमा, उपचार कोष जस्ता सुविधालाई निरन्तरता दिइरहेको महासंघले नियमितरुपमा सेनिटरी प्याड नि:शुल्क उपलब्ध गराउने भएको हो ।

सेनिटरी प्याडको लागि महासंघले औषधि व्यवसायी संघ मकवानपुरको सहयोग लिने भएको छ । औषधि व्यवसायी संघले मासिकरुपमा महिला पत्रकारलाई आवश्यक हुने सेनिटरी प्याड महासंघमार्फत् हस्तान्तरण गर्न सहमति जनाएको छ ।

सहमतिबमोजिम नै संघले मंगलबार पत्रकार महासंघलाई सेनिटरी प्याड हस्तान्तरण गरेको छ । संघले महासंघको कार्यालयमै पुगी अनुमानित एक महिनाको लागि आवश्यक हुने सेनिटरी प्याड महासंघ अध्यक्ष मणिराज गौतम र कोषाध्यक्ष केशव समर्पणलाई हस्तान्तरण गरेको छ ।

सेनिटरी प्याड हस्तान्तरण कार्यक्रममा औषधि व्यवसायी संघका बागमती प्रदेश सदस्य सुधीर दाहाल, मकवानपुरका कार्यबाहक अध्यक्ष नारायणलाल श्रेष्ठ, महासचिव संघर्ष गुरुङ, कोषाध्यक्ष तथा सेनिटरी प्याड संयोजन समितिका संयोजक विष्णु थापा, संघका कार्यसमिति सदस्य भरत कार्की, नाजिलाल लामालगायतको उपस्थिति थियो । प्याड हस्तान्तरण गर्दै संघका कार्यबहाक अध्यक्ष नारायणलाल श्रेष्ठले अब नियमितरुपमा आवश्यक सेनिटरी प्याड महासंघलाई उपलब्ध गराइने प्रतिबद्धता जनाए । महासंघले बुधबार एक कार्यक्रममार्फत् सञ्चारिका समूह मकवानपुरलाई सेनिटरी प्याड वितरणको जिम्मा दिने भएको छ । प्राप्त सेनिटरी प्याड महिला पत्रकारलाई आवश्यकताको आधारमा नियमित वितरण गर्न सञ्चारिका समूहलाई जिम्मेवारी दिन लागिएको महासंघ मकवानपुरका अध्यक्ष मणिराज गौतमले जानकारी दिए ।





गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


## बिमा पोलिसी हराएको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेसन (एलआईसी) नेपालको निम्न व्यहोराको हाम्रो बिमा पोलिसी (बिमालेख) २०७८ चैत्र २० गते, हेटौंडा-१०, राप्ति रोडदेखि हेटौंडा-४, स्कूल रोडसम्म जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको नम्बरमा सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

**बिमितको नामहरू/बिमा पोलिसी नं**:-

- नरेन सिंतान (२५०८०८३४८)
- आर्यन सिंतान (२५०८०८३४९)

**सम्पर्क** : ०५७-५२१०५५, ९८४५५०४०८६०

## लाईसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाईसेन्स २०७८ चैत्र २० गते, चाईनाक्वाटरदेखि बुद्धचोक जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय अथवा तपशिलको नम्बरमा सम्पर्क गरिदिनुहुन् अनुरोध गरिन्छ ।

**नाम**: रामकुमार महर्जन

**लाईसेन्स नं.** : ०५-५१९८०७

**सम्पर्क** : ९८५५०६७६४७


## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु ब्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**

हेटौंडा-८, कमाने

९८५५०६९०८६ राजेन्द्र ढकाल

## हार्दिक बधाई तथा शुभकामना



नेपाल मोबाइल व्यवसायी माहासंघको प्रथम महाधिवेशनबाट सर्वसम्मत केन्द्रीय सदस्य चुनिनु भएका मोबाइल एसोसिएसन अफ नेपाल मकवानपुरका संस्थापक अध्यक्ष तथा मेरो प्रिय भाइ तथा मकवानपुर उधोग वाणिज्य संघका कार्यसमिति पूर्वसदस्य **श्री छतेन्द्र आचार्य** ज्युलाई बधाई तथा सफल कार्यकालको शुभकमना व्यक्त गर्दछु ।

**प्रमोदसिंह रानाभाट (उपाध्यक्ष)**

**मकवानपुर उद्योग वाणिज्य संघ**

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

**www.sajhakuranews.com**

साझाकुरा

"तपाई, हामी सबैको कुरा "

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना